# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## बराहताल गाउँपालिका
## सुर्खेत





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## बराहताल गाउँपालिका

## सुर्खेत




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## बराहताल गाउँपालिका

## सुर्खेत

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन

तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय कर्णाली प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ९६ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यु
बराहताल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,।

**कैफियत सहितको राय**

हामीले बराहताल गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ३ करोड ३२ लाख ५७ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १० लाख ७० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ६८ लाख ३९ हजार, नियमित गर्नुपर्ने रु ५० लाख ६७ हजार र पेश्की रू २ लाख ८० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु १२ करोड ६० लाख २ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १५ करोड ९२ लाख ५९ हजार रहेको छ । नगरपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

....................

नायब महालेखापरीक्षक

बराहताल गाउँपालिका, सुर्खेत

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिए को | जम्मा | |
| ४८ | १३६ | ३३२५७ | ० | ० | ० | ४८ | १३६ | ३३२५७ | १०७० | ५०६७ | २६८३९ | ० | ० | ३१९०६ | २८० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बराहताल नगरपालिका सुर्खेत | १२६००४ | ० | ० | १२६००४ | ० | ५८८६५ | १५९२९५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बराहताल गाउँपालिका, सुर्खेत , बराहतल गाउँपालिका , सुर्खेत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ललित कुमार थापा | २०७९-५-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | भुपेन्द्र भण्डारी | २०७८-११-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | जनराज शाही | २०७८-४-१ | २०७८-१०-१५ |
| | | **बेरुजु रकम** | ३३,२५७,३९८.३१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १०,७९,५३,१४९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४२,४९,९१,००० | **चालु खर्च** | ३५,१०,०९,०६४ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,६३,४२,१६१ | **पूँजीगत खर्च** | १७,२१,७६,१११ |
| **राजश्व बाँडफाँट** | १०,१३,५८,९४५ | **वित्तीय/अन्य व्यवस्था** | २२,५२,८८,४५१ |
| **आन्तरिक आय** | ५५,२६,३०५ | | |
| **अन्य आय** | २२,७३,८४,२३३ | | |
| **कुल आय** | ८०,५६,०२,६४४ | **कुल खर्च** | ७४,८४,७३,६२६ |
| **बाँकी मौज्दात** | | १६,५०,८२,१६७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत १० वडा, ५३ सभा सदस्य, ४५५.२९ वर्ग किलोमिटर क्षेत्रफल तथा २६८०२ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने मा लागु गरेको तर उक्त कार्यविधि पूर्ण रुपमा कार्यान्वयन गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>:<br>· पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>· वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · कार्यालयले उद्धेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाईएन ।<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>आन्तरिक नियन्त्रण प्रणाली कमजोर भएको हुँदा सार्वजनिक सेवा प्रवाह र आर्थिक प्रशासन कमजोर भई कार्य प्रभावकारीतामा असर पर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **वित्तीय विवरण विश्लेषण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* सम्बन्धमा निम्नअनुसार देखिएको छः | |

| प्राप्ती भुक्तानी हिसाव | | | | |
|---|---|---|---|---|
| विवरण | बजेट | आफैले गरेको प्राप्ति/ | वस्तुगत/सोझै | जम्मा |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | भुक्तानी | भुक्तानी | | |
| | | | **प्राप्ती (क+ख)** | ६११६२२८१२ | ६०६०४८०२६ | | ६०६०४८०२६ | |
| | | | **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ५९७०६३८०९ | ५७८३५८४१० | ० | ५७८३५८४१० | |
| | | | ११००० कर | ९७७७९८०९ | ९७२२९४३२ | ० | ९७२२९४३२ | |
| | | | १३००० अनुदान | ४९०८९४००० | ४७१४३३१६१ | ० | ४७१४३३१६१ | |
| | | | संघीय सरकार | ४३९४०१००० | ४२४९९१००० | ० | ४२४९९१००० | |
| | | | प्रदेश सरकार | ५१४९३००० | ४६४४२१६१ | ० | ४६४४२१६१ | |
| | | | १४००० अन्य राजस्व | ७३९०००० | ९६९५८१७ | ० | ९६९५८१७ | |
| | | | १५००० विविध प्राप्ति | १०००००० | ० | ० | ० | |
| | | | ख. अन्य प्राप्ति | १४५५९००३ | २७६८९६१६ | | २७६८९६१६ | |
| | | | वितरण गर्न बाकी राजस्व | ० | १९००० | ० | १९००० | |
| | | | कोषहरु | १४५५९००३ | २४४६७६७० | ० | २४४६७६७० | |
| | | | धरौटी | ० | ३२०२९४६ | ० | ३२०२९४६ | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | |
| | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | भुक्तानी (ग+घ) | ७०३७६२६३६ | ५३९४५६३९० | | ५३९४५६३९० | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | ६८९२०३६३३ | ५२३७८५१७५ | | ५२३७८५१७५ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १७९६७३९३३ | १६१९२७३२३ | ० | १६१९२७३२३ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १५२३९०२०० | १०६१७३०२२ | ० | १०६१७३०२२ | |
| | | | २५००० सहायता (Subsidy) | ६१२६९००० | ४४५९०१३७ | ० | ४४५९०१३७ | |
| | | | २६००० अनुदान | २५६४४००० | १२२९७६२० | ० | १२२९७६२० | |
| | | | २७००० सामाजिक सुरक्षा | ३४१४९००० | २४१००४५८ | ० | २४१००४५८ | |
| | | | २८००० अन्य खर्च | ६३००००० | १९२०५०४ | ० | १९२०५०४ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २२९७७७५०० | १७२७७६१११ | ० | १७२७७६१११ | |
| | | | घ. अन्य भूक्तानी | १४५५९००३ | १५६७१२१५ | | १५६७१२१५ | |
| | | | कोषहरु | १४५५९००३ | १२३३४३८३ | ० | १२३३४३८३ | |
| | | | धरौटी | ० | ३४४८९६६ | ० | ३४४८९६६ | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | |
| | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -११२१३४ | | -११२१३४ |
| ङ. यो वर्षको बचत (न्युन) | -९२१३९८२४ | ६६५९१६३५ | | ६६५९१६३५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १०७९५३१४९ | | १०७९५३१४९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | -९२१३९८२४ | १७४५४४७८४ | | १७४५४४७८४ |
| | | | | |
| बैंक तथा नगद बाकी | | १६५०८२१६७ | | १६५०८२१६७ |

**कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट निकासा प्राप्त**

| बजेट उपशिर्षक | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|
| ३१४०१०१२३ | १०८११४९१२ | १०७५०७५३२ | १०७५०७५३२ |
| ३३६००१०२३ | ४६४००० | ४६४००० | ४६४००० |
| जम्मा | १०८५७८९१२ | १०७९७१५३२ | १०७९७१५३२ |

**प्रदेश लेखा ईकाई कार्यालय बाट निकासा प्राप्त**

| बजेट उपशिर्षक | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|
| ३०१००१०२४ | २९९१७००० | २०६५३२७२।७० | २०६५३२७२।७० |
| ३१४०००११३ | ९५०००० | ८००००० | ८००००० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३०१००१०२३ | १०५००० | ९०१६६ | ९०१६६ | | |
| | | | | ३१४०००११४ | ६३१५०००० | ६२८५०००० | ६२८५०००० | | |
| | | | | ३९१०००११३ | ५००००० | ४९१३०० | ४९१३०० | | |
| | | | | जम्मा | ९४६२२००० | ८४८८४७३८।७० | ८४८८४७३८।७० | | |
| ४.१ | | | **जिम्मेवारी फरक परेको**– स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु. १०,९६,९३,६८३।९५ मौज्दातकायम भएकोमा यो बर्षको शुरुमा रु. १०,७९,५३,१४९।- जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु १७,४०,५३५।- घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. | | | | | | १,७४०,५३५ |
| ४.२ | | | **सञ्चित कोषमा स्थानान्तरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु. ६,०९,९६,३५२।३६, पुजीगत खर्च खातामा रु. ३,३२,८३,४७४।५५, विविध खर्च खातामा रु. ४९,८२,७४९, धरौटी खातामा रु. ५६,९०,८७९।०३, मर्मत सम्भार कोष खातामा रु. ५९,९८९।- र विभाज्य कोष खातामा रु. १९,०००।- समेत गरी रु. १०,५०,३२,४४३।९४ मौज्दात राखेको पाईयो । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.३ | | | **बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | सञ्चित कोष | १५४३२९५५०.३८ | ६३७१७१६३.६३ | (९०६१२३८६.७५) |
| २ | चालु खर्च खाता विजोर वर्ष | ० | ६०९९६३५२.३६ | ६०९९६३५२.३६ |
| ३ | पूँजीगत खर्च खाता विजोर वर्ष | ० | ३३२८३४७४.५५ | ३३२८३४७४.५५ |
| ४ | विविध खर्च खाता | ४९८२७४९ | ४९८२७४९ | ० |
| ५ | धरौटी खाता | ५६९०८७९.०३ | ५६९०८७९.०३ | ० |
| ६ | मर्मत सम्भार कोष खाता | ५९९८९ | ५९९८९ | ० |
| ९०७ | विभाज्य कोष खाता | १९००० | १९००० | ० |
| | जम्मा रु | | | ३६६७४४० |

उल्लेखित हिसाब मिलान विवरणमा समावेस भएको खाता को बैंक स्टेटमेन्ट पेश नभएकोले सो को बैंक मौज्दात यकिन गर्न सकिएन । बैंक स्टेटमेन्ट पेश गरी मौज्दात भिडान गरिनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.४ | | | **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १०,७९,७१,५३२।-, गरिव सँग विश्वेश्वर कार्यक्रमको रु. ४,६४,०००।-, बहुक्षेत्रीय पोषण कार्यक्रमको रु. ४,९१,३००।.-, मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आय आर्जन कार्यक्रमको रु. २,०६,५३,२७२।-, आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. ८,००,०००।-, मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रमको रु. ९०,१६६।- र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. ६,२८,५०,०००।- समेत गरी रु. १९,३४,६३,६५०।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ४.५ | | | **फरक हिसाब** – पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ९,६५,३५,२८२।- यस वर्षको प्राप्ति रु. १९,९५,९४,६१७।-, यस वर्षको भुक्तानी रु.२६,३२,४०,२०८।- र बैङ्क मौज्दात रु. ५,४८,०५,५२६।- फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ५ | | | **बजेट तथा कार्यक्रम** | |

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १०७९५३१४ | ६०६०४८०२६ | ५३९४५६३९० | १६५०८२१६७ |
| एकीकृत आर्थिक विवरण अनुसार | १०७३३०५९६ | ८०५६४२६४३ | ८०२६९६५९८ | ११०२७६६४१ |
| फरक | ९६५३५२८२ | १९९५९४६१७ | २६३२४०२०८ | ५४८०५५२६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.१ | | | **अबण्डा बजेट**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष रु. ४४ लाख ३५ हजार बजेट अबण्डामा राखी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ५.२ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ५२०२८५०० | ४१२८९५७७ | ८ |
| २ | पूर्वाधार विकास | ९७५१८००० | ६१४९९८९६ | १२ |
| ३ | सामाजिक विकास | ३४०३५१००० | २८४१७३२८४ | ५४ |
| ४ | बातावरण तथा विकास | १७३०३००० | १२२८८४४२ | २ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ० | ० | ० |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १८१७०३१३३ | १२४५३३९७७ | २४ |
| जम्मा | | ६८८९०३६३३ | ५२३७८५१७५ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये रकम रु. ६८ करोड ८९ लाख ३ हजार मा सबैभन्दा बढी सामाजिक विकास मा ५४ प्रतिशत र सबै भन्दा कम वातावरण तथा विकासमा २ प्रतिशत मात्र खर्च भएको देखियो । संस्थागत विकास, सेवा प्रवाह र सुशासनका लागि शून्य लगानी गरेको देखिन्छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.३ | | | **बजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादात्म्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ५.४ | | | **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५ लाख देखि १० लाख सम्म का | रु १० लाख देखि ५० लाख | रु ५० लाख भन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|---|
| १९९ | ११९ | १०३ | ३९ | ९५ | ११ | ५६६ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ लाख देखि ५० लाख सम्मका जम्मा ५६६ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १९९ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने र दीर्घकालिन असर समेत नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५.५</td><td></td><td></td><td>
त्रैमासिक खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">क्र.स.स</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="5">त्रैमासिक खर्च</th></tr>
<tr><th>प्रथम त्रैमासिक</th><th>दोस्रो त्रैमासिक</th><th>तेस्रो त्रैमासिक</th><th>चौथो त्रैमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>चालु खर्चतर्फ</td><td>३५१००९०६३.९८</td><td>६०२६६६६२.९०</td><td>४०६४३६९६.०३</td><td>११०४८५३०५.९</td><td>१३९६१३३९९.२</td><td>९३२६५२१५.०५</td></tr>
<tr><td>२</td><td>पूँजिगत खर्चतर्फ</td><td>१७२७७६१११.४५</td><td>३०००००</td><td>२०२०३१८७</td><td>३३२२८५५७.३५</td><td>११९०४४३६७.१</td><td>९१९६८२६४</td></tr>
<tr><td colspan="2">जम्मा खर्च</td><td>५२३७८५१७५.४३</td><td>६०५६६६६२.९</td><td>६०८४६८८३.०३</td><td>१४३७१३८६३.३</td><td>२५८६५७७६६.३</td><td>१८५२३३४७९.०५</td></tr>
<tr><td colspan="3">जम्मा खर्चको तुलनामाः</td><td>१२</td><td>१२</td><td>२७</td><td>४९</td><td>३५</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ५२ करोड ३७ लाख ८५ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ६ करोड ५ लाख ६६ हजार अर्थात १२ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ६ करोड ८ लाख ४६ हजार अर्थात १२ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. १४ करोड ३७ लाख १३ हजार अर्थात २७ प्रतिशत, चौथो त्रैमासिकमा रु. २५ करोड ८६ लाख ५७ हजार अर्थात ४९ प्रतिशत खर्च गरेको देखिएको छ । आषाढ महिनामा मात्र रु. १८ करोड ५२ लाख ३३ हजार अर्थात ३५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकोले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td><td></td></tr>
</table>



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.६ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाका उपाध्यक्ष श्री शोभा कुमारी शर्माले मिति २०७९।०३।१० गते रु. ५२ करोड ९१ लाख ६२ हजार ८ सय ९ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।०३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ५.७ | | | **खर्च बिश्लेषणः** पालिकाले यस बर्ष कुल आन्तिरक आयबाट रु. ५६ लाख ५८ हजार ६९ राजस्व बाँडफाँट र अनुदानबाट रु. १० करोड १२ लाख ६७ हजार १ सय ८० समेत रु. १० करोड ६९ लाख २५ हजार २ सय ४९ आम्दानी भएकोमा चालु तर्फ रु. ३५ करोड ८ लाख ४८ हजार र पूँजिगत तर्फ रु. १७ करोड २७ लाख ७६ हजार समेत रु. ५२ करोड ३७ लाख ८५ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ८८ लाख ६२ हजार खर्च भएको छ जुन आन्तरिक आयको १५६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६७ प्रतिशत चालु र ३३ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ५.८ | | | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ६ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.१ | | | **कानून र सञ्चालन स्थिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १८ वटा ऐन, ४ वटा नियमावली, १८ कार्यविधि लगायत ४४ वटा कानुन निर्माण गरी कार्यानवयनमा ल्याएको छ । साथै पालिकाले ४४ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ६.२ | | | **न्यायीक समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गतबर्ष फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७ र यो बर्ष थप भएको १४ गरी कुल १७ विवाद दर्ता भएकोमा १३ वटा फर्छोट भई ४ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ७ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता**<br>**अनुदान फिर्ता** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०७९।४।५ मा रु. ५,४५,२६,२२३।६७ फिर्ता गरेको पाइयो । तोकिएको समयमा अनुदान फिर्ता गर्नुपर्दछ । | |
| ८ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **सवारीसाधन खरिद**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नुपर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । विवरण अनुसार पालिकाले १ थान दुई पांग्रे सवारी साधन खरिदमा रु. ३ लाख ५० हजार बजेटबाट खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| १० | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| १०.१ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख,पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको तथा अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु पर्दछ । मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । | |
| १०.२ | | | **सम्पत्ति व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार पालिकाले सम्पत्तिको व्यवस्थित अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी गरेको पाईएन । हस्तान्तरण भई आएको र खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ११ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. १४ लाख ९४ हजार २ सय ३ खर्च गरेको छ । विविध खर्च सम्बन्धी सीमा निर्धारण गरी मापदण्ड बनाएर खर्च गर्नुपर्दछ । | |
| १२ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा ४० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित २४ जना पदपूर्ती भएको देखिन्छ । प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित १६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १२.२ | | | **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. ४९,७८,०००।- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु. | ४,९७८,००० |

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| असइ | ५ | १९०९६५० |
| अमिन | ३ | ११४५७९० |
| ल्या टेक्निसियन | ३ | ८३४२४० |
| अनमि | ४ | १०८८३२० |
| जम्मा रु | | ४९७८००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.३ | | | **कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । कल्याणकारी कोषमा रु. १५ लाख आम्दानी बाँधेकोमा सो रकम खर्च नभई स्थानीय सञ्चित कोषमा दाखिला गरेतापनि उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । उक्त रकम स्थानीय संचित कोषमा दाखिला गर्नु पर्ने रु. | १,५००,००० |

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| १२.३.१ | कल्याण कोष | १५,००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३</td><td></td><td></td><td>

**सेवाप्रवाहको स्थिति**<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १८ वटा ऐन, ४ वटा नियमावली र १८ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वियनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>२२९</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>१२०</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>२७</td></tr>
<tr><td>विवाह दर्ता</td><td>७८</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>४</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पुर्वाधार निर्माणको लक्ष्य सहित प्रगति हासिल गर्नुपर्नेमा पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन । पूर्वाधार निर्माण तथा वस्ति विकासको कामलाई प्राथमिकता दिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>पेश्की व्यवस्थापन</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.१ | | | **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसार रु. ६०,०३,६००।- पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्योट गर्नुपर्दछ । | |

| पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती,फर्म वा कम्पनीको नाम | म्याद ननाघेको |
|---|---|---|
| सरस्वती मा.वि. भवन निर्माण | स्वार कन्स्ट्रक्सन प्रा.ली | ३४००००० |
| सामुदायिक कृषि प्रसार सेवा केन्द्र नि.म्याचिङ्ग | सामुदायिक कृषि प्रसार सेवा केन्द्र | ३०३६०० |
| वडा नं् ५ भवन निर्माण | न्यू रोहित टेडर्स एण्ड अर्डर सप्लायर्स | १३००००० |
| बड्डीचौर सहरी सडक स्तरोन्नति बराहताल ५ | धुर्व निर्माण सेवा तथा विशान खाद्य तथा निर्माण सामाग्री सप्लायर्स | १०००००० |
| जम्मा रु | | ६००३६०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>म्याद नाघेको पेश्की : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) बमोजिम पेश्की फस्योंट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फर्स्योटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक १०% का दरले ब्याज लगाई समेत असुल गरिने भन्ने उल्लेख छ । निम्न अनुसार पेश्की फर्स्योट नभई बाँकी रहेकाले नियमानुसार असुल फर्स्योट हुनुपर्ने रू.
<table>
<tr><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</th><th>म्याद नाघेको</th></tr>
<tr><td>सुरक्षित नागरिक आवास कार्यक्रम</td><td>ललित सुनार</td><td>३००००</td></tr>
<tr><td>सुरक्षित नागरिक आवास कार्यक्रम</td><td>जिते रखाल</td><td>३००००</td></tr>
<tr><td>सुरक्षित नागरिक आवास कार्यक्रम</td><td>बाल कुमारी वडुवाल</td><td>३००००</td></tr>
<tr><td>सुरक्षित नागरिक आवास कार्यक्रम</td><td>माया दमाइ</td><td>३००००</td></tr>
<tr><td>पदाधिकारी बैठक लगाएत अन्य भत्ता</td><td>इन्द्र बहादुर खत्री</td><td>१६०६५०</td></tr>
<tr><td colspan="2">जम्मा रु</td><td>२८०६५०</td></tr>
</table>
</td><td>२८०,६५०</td></tr>
<tr><td>१५</td><td></td><td></td><td>गाडी भाडा ईन्धन तथा मर्मत:<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। पालिकाले यो वर्ष सम्बन्धित शिर्षकमा बजेट विनियोजन गरीगाडी भाडामा रु. १३,६१,५००।-, ईन्धनमा रु. २२,१७,७१९।- र मर्मतमा रु. २०,४४,९००।- खर्च गरेको छ । कन्टिन्जेन्सी बाट समेत यस्ता शिर्षकमा खर्च गरेको छ । चालु प्रकृतिका खर्चमा मापदण्ड बनाई अनुत्पादक खर्चमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>सुचना प्रविधि तथा सफ्ट्वायर खरिद</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.१ | | | **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनुपर्ने व्यबस्था रहेको छ । पालिकाले निम्नानुसारका सफ्टवेयर खरिद गरी रु. ७,००,०००।– खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन ।<br><br>**क्र सं** \| **सफ्टवेयरको नाम** \| **प्रयोजन** \| **रकम**<br>१ \| दर्ता चलानी \| दर्ता चलानी व्यस्थित गर्न \| ३५००००<br>२ \| तलवी व्यवस्थापन प्रणाली \| तलब भुक्तानी \| ३५००००<br> \| जम्मा रु \| \| ७००००० | |
| १६.२ | | | **सूचना प्रविधि पद्धतिः** सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसँग लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधि सँग सम्बन्धित प्रणाली व्यवस्था, प्रवेश नियन्त्रण लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधि नियन्त्रण वातावरणका सम्बन्धमा पालिकाले निम्न अनुसारका कार्य गरेको छैनः<br>• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको ।<br>• सूचना प्रविधि पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र मलेप फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागू नगरेको र त्यसको अभिलेख मलेप फाराम ९०३ मा नराखेको सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको । | |
| १७ | | | **असम्बन्धित बैठक भत्ता:**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) सरकारी खर्च लेख्नु अघि संलग्न कागजात अनुसार रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाको छात्रवृत्ती वितरण कार्यक्रममा सहभागि भए वापत सो कार्यक्रम सँग कुनै सम्बन्ध नभएका ना.प.से.प्रा. श्री तारा राज अधिकारी लाई रु. १,५००।- र कृषि शाखा प्रमुख श्री गुरु प्रसाद अधिकारीलाई रु.१,५००।- गरी रु. ३,०००।- भुक्तानी गरेको देखीएकोले असुल गर्नुपर्ने रु. | ३,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८</td><td></td><td></td><td>
जिल्ला भित्र भ्रमण भत्ता<br>
कर्णाली प्रदेश तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १२ अनुसार अनुसुचि २ को द्रस्टव्य बमोजिम सरकारी कामकाजको लागि जिल्ला बाहिर भ्रमण गरेको अवस्थामा मात्र अनुसुचि बमोजिमको दैनिक भ्रमण भत्ता उपलब्ध हुने व्यवस्था छ । पालिकाले यस वर्ष निम्न पदाधिकारीहरुलाई सरकारी कामकाजको लागि जिल्ला भित्र भ्रमण गरेको अवस्थामा दैनिक भ्रमण भत्ता वापत भुक्तानी गरेको रकम असूल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ नं / मिति</th><th>नाम</th><th>पद</th><th>भ्रमण अवधि</th><th>स्थान</th><th>भुक्तानी रु</th><th>कैफियत</th></tr>
<tr><td>२।२०७८।७।८</td><td>तेज बहादुर बस्नेत</td><td>अध्यक्ष</td><td>०७८।५।२६-५।२८</td><td>विरेन्द्रनगर</td><td>४०५०</td><td>जिल्ला भित्र भ्रमण</td></tr>
<tr><td>४९७।२०९७।२०७९।३।१२</td><td>हरिलाल सलामी</td><td>वडा अध्यक्ष</td><td>०७९।२।२९-३।२</td><td>सुर्खेत</td><td>६३७५</td><td>जिल्ला भित्र भ्रमण</td></tr>
<tr><td>२०७९।२।२०</td><td>बम बहादुर बडुवाल</td><td>वडा अध्यक्ष</td><td>०७९।३।८-३।११</td><td>बड्डीचौर</td><td>५२७५</td><td>जिल्ला भित्र भ्रमण</td></tr>
<tr><td></td><td>बम बहादुर बडुवाल</td><td>वडा अध्यक्ष</td><td>०७९।३।१७-३।२०</td><td>बड्डीचौर</td><td>५२७५</td><td>जिल्ला भित्र भ्रमण</td></tr>
<tr><td></td><td>जम्मा रु</td><td></td><td></td><td></td><td>२०९७५</td><td></td></tr>
</table>
</td><td>२०,९७५</td></tr>
<tr><td>१९</td><td></td><td></td><td>
प्रयोजन बेगर भ्रमण<br>
कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १२ मा सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमणमा वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले अनुसूची–२ बमोजिमको दरमा दैनिक भत्ता पाउने उल्लेख छ । पालिकाकामा निम्नानुसारका जनप्रतिनिधि प्रयोजन नखुल्ने तथा आवश्यक नपर्ने ठाउँमा भ्रमण गरी दैनिक तथा भ्रमण खर्च भुक्तानी गरेको देखिएकोले सरकारी कामको सिलसिलामा भ्रमण गरी भ्रमण खर्च बुझेको हो भनि यकिन गर्न नसकिएकोले सम्बन्धित बाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ नं / मिति</th><th>नाम</th><th>पद</th><th>भ्रमण अवधि</th><th>स्थान</th><th>जम्मा रु</th><th>प्रयोजन</th></tr>
<tr><td>४७८।२०७९।३।८</td><td>भिम बहादुर सावद</td><td>वडा अध्यक्ष</td><td>०७९।३।१-३।५</td><td>दैलेख</td><td>६३७५</td><td>सिफारिस ढाँचाको जानकारी लिन</td></tr>
<tr><td></td><td>भिम बहादुर सावद</td><td>वडा अध्यक्ष</td><td>०७९।२।१८-२।२२</td><td>अछाम</td><td>६३७५</td><td>काम कर्तव्य र अधिकार सम्बन्धी जानकारी लिन</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td>१४३,५७५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ४१२।२०७९।२।५ | योवराज कार्की | वडा अध्यक्ष | ०७८।९।१४-१७ | सल्यान | ४८७५ | कृषि सम्बन्धी अध्ययन अवलोकन | |
| | | | | योवराज कार्की | वडा अध्यक्ष | ०७८।५।२०-५।२३ | दैलेख | ४८७५ | कामकाज अध्ययन अवलोकन | |
| | | | ३६८।२०७९।१।११ | टेक बहादुर कठायत | वडा अध्यक्ष | ०७८।१२।११-१२।१४ | जुम्ला | ४८७५ | कृषि क्षेत्रको अध्ययन अवलोकन | |
| | | | | टेक बहादुर कठायत | वडा अध्यक्ष | ०७८।१०।१०-१०।१३ | दैलेख | ४८७५ | वडा कार्यालयको अध्ययन अवलोकन | |
| | | | | टेक बहादुर कठायत | वडा अध्यक्ष | ०७८।११।२०-११।२३ | जाजरकोट | ४८७५ | नयाँ ठाउँहरुको अध्ययन अवलोकन | |
| | | | ३५४।२०७९।१।७ | दत्त बहादुर बराल मगर | वडा अध्यक्ष | ०७८।९।१२-९।१६ | मुगु | १२३७५ | पर्यटकीय स्थल अवलोकन | |
| | | | ३४७।२०७९।१।४ | योवराज कार्की | वडा अध्यक्ष | ०७८।११।१-११।५ | दैलेख | १०८०० | कार्यालय प्रयोजन | |
| | | | | योवराज कार्की | वडा अध्यक्ष | ०७८।१०।१२-१०।१८ | जाजरकोट | १०८०० | नागरिकता बनाउन | |
| | | | ३३८।२०७८।१२।२९ | हरिलाल सलामी | वडा अध्यक्ष | ०७८।८।७-८।११ | सल्यान | ६३७५ | लघु उद्यम कार्यक्रमको अध्ययन अवलोकन | |
| | | | | हरिलाल सलामी | वडा अध्यक्ष | ०७८।९।११-९।१५ | दैलेख | ६३७५ | अध्ययन तथा अवलोकन | |
| | | | ५७१।२०७९।३।२२ | केशर बहादुर कार्की | वडा अध्यक्ष | ०७९।३।६-३।८ | बर्दिया | ४२२५ | योजना अवलोकन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | केशर बहादुर कार्की | वडा अध्यक्ष | ०७९।२।२७-२।२९ | दैलेख | ३३७५ | योजना अवलोकन | |
| | | | | केशर बहादुर कार्की | वडा अध्यक्ष | ०७९।२।१६-२।१९ | दैलेख | ४८७५ | योजना अवलोकन | |
| | | | २०७९।२।२० | तुलादेवी भारती | वडा अध्यक्ष | ०७९।२।१-२।५ | बर्दिया | ४८७५ | योजना अवलोकन | |
| | | | | तुलादेवी भारती | वडा अध्यक्ष | ०७८।१२।२६-१२।२९ | गुलरिया | ४८७५ | योजना अवलोकन | |
| | | | | तुलादेवी भारती | वडा अध्यक्ष | ०७८।१२।३-१२।६ | दैलेख | ४८७५ | योजना अवलोकन | |
| | | | | तुलादेवी भारती | वडा अध्यक्ष | ०७९।१।९-१।११ | बाँके | ३३७५ | योजना अवलोकन | |
| | | | | बल बहादुर घर्ति | वडा सदस्य | ०७९।१।२१-१।२३ | बर्दिया | ३५५० | योजना अवलोकन | |
| | | | | पूर्ण सिंजाली | वडा सदस्य | ०७९।१।२२-१।२४ | गुलरिया | ३२०० | योजना अवलोकन | |
| | | | | अमृता वली | वडा सदस्य | ०७९।१।२२-१।२४ | गुलरिया | ३२०० | योजना अवलोकन | |
| | | | | चित्रा विश्वकर्मा | वडा सदस्य | ०७९।१।२२-१।२४ | गुलरिया | ३२०० | योजना अवलोकन | |
| | | | ६०३।२०७९।३।२४ | खगेन्द्रदेव गिरी | वडा अध्यक्ष | ०७८।१२।२६-१२।२९ | दैलेख | ४८७५ | योजना अवलोकन | |
| | | | | खगेन्द्रदेव गिरी | वडा अध्यक्ष | ०७९।१।७-१।९ | दैलेख | ३३७५ | योजना अवलोकन | |
| | | | | नमराज शर्मा | वडा | ०७९।३।२-३।४ | बर्दिया | ४४७५ | योजना अवलोकन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अध्यक्ष | | | | | |
| | | | | नमराज शर्मा | वडा अध्यक्ष | ०७९।२।१७-२।१९ | दैलेख | ३३७५ | योजना अवलोकन | |
| | | | | जम्मा रु | | | | १४३५७५ | | |
| २० | | २०७९-१०-१ | **पदाधिकारी ईन्धन:**<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ९ मा पदाधिकारीले अनुसुची १ मा तोकिएबमोजिम ईन्धन सुविधा पाउने उल्लेख गरेको र अनुसुची १ को द्रस्टव्यमा सवारी प्रयोग गर्ने पदाधिकारीको हकमा सवारी साधनको अभिलेख राखि ईन्धन सुविधा दिने उल्लेख छ । पालिकाले पदाधिकारीलाई सवारी साधनको अभिलेख राखि ईन्धन सुविधा वापत मासिक १५ लिटर दिनुपर्नेमा वडा अध्यक्ष खगेन्द्र देव गिरीलाई तीन महिनाको ४५ लिटर दिनुपर्नेमा ६० लिटर दिएकोले रु. १३५ प्रति लिटरको दरले हुने रु. २,०२५।- असुल गर्नु पर्ने रु. | | | | | | | २,०२५ |
| २१ | | | **भ्रमण खर्च**<br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>· अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>· नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>· कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर।गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>· स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | | | | | | | |
| २२ | | | **पदाधिकारी संचार:**<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ९ मा पदाधिकारीले अनुसुची १ मा तोकिएबमोजिम संचार सुविधा पाउने उल्लेख गरेको छ । पालिकाले वडा अध्यक्ष योवराज कार्कीलाई पे रोलमा संचार सुविधा मासिक रुपमा भुक्तानी गरेको देखिएकोले दोहोरो भुक्तानी भएको असुल गर्नुपर्ने रु. | | | | | | | १,८०० |
| २३ | | | **पदाधिकारी सुविधा** | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.१ | | | **पदाधिकारी बैठक भत्ता:** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १० मा स्थानीय तहका पदाधिकारी र सदस्यहरुलाई बैठक भत्ता वापत ऐनको अनुसुची २ बमोजिम बैठक भत्ता वापत प्रति महिना बढीमा ३ वटा मात्र बैठकको प्रति वैठक रु.१,५००।- बैठक भत्ता दिने तथा सोहि ऐनको दफा १५(२) मा सो ऐनले व्यवस्था गरेको भन्दा बाहेक अन्य कुनै सुविधा नदिने उल्लेख छ । पालिकाका पदाधिकारीले कार्यपालिका तथा सभाको बैठकको भत्ता बुझिसकेको अवस्थामा निम्नानुसार दोहोरो भत्ता बुझेकोले असुल गर्नुपर्ने रु. | २४,२२५ |

| भौ नं / मिति | नाम | पद | संख्या | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ७३।२०७८।१२।४ | तेज बहादुर बस्नेत | अध्यक्ष | ३ | ३८२५ | प्रा स पदपूर्ति को लागि पदपूर्ति समितिको बैठक |
| | शोभा कुमारी शर्मा | उपाध्यक्ष | ३ | ३८२५ | प्रा स पदपूर्ति को लागि पदपूर्ति समितिको बैठक |
| १०५।२०७८।१२।२३ | तेज बहादुर बस्नेत | अध्यक्ष | ६ | ७६५० | सामाजिक सुरक्षा समन्वय समितिको बैठक |
| | शोभा कुमारी शर्मा | उपाध्यक्ष | ३ | ३८२५ | सामाजिक सुरक्षा समन्वय समितिको बैठक |
| १५।२०७९।१।१९ | तेज बहादुर बस्नेत | अध्यक्ष | १ | १२७५ | |
| | शोभा कुमारी शर्मा | उपाध्यक्ष | १ | १२७५ | |
| १०।२०७८।१०।२७ | शोभा कुमारी शर्मा | उपाध्यक्ष | २ | २५५० | छात्रवृत्ती वितरण |
| | जम्मा रु | | | २४२२५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.२ | | | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ८८ लाख ६२ हजार सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष १० जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य ३६ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | १५००० | १५००० | ३६०००० | १४४००० | १२९६००० | १८३००००० |
| २ | यातायात खर्च | ० | ० | ० | ० | ० | ० |
| | अनुगमन भत्ता | १८०००० | १४४००० | ९६०००० | ३९६००० | ८६४००० | २५४४००० |
| ३ | टेलिफोन,मोबाइल | ३६००० | ३६००० | ३६०००० | ७२००० | २१६००० | ७२०००० |
| ४ | पुस्तक,पत्रीका, | ३६००० | ३६००० | ३६०००० | ७२००० | ४३२००० | ९३६००० |
| ५ | समन्वय तथा सहजीकरण | ० | ० | ० | ० | ० | ० |
| ६ | अतिथि सत्कार | ४८००० | ४८००० | ४८०००० | ७२००० | ४३२००० | १०८०००० |
| ७ | खानेपानी/बिजुली/ | ८४००० | ७२००० | २४०००० | १४४००० | ४३२००० | ९७२००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | १५०००० | ९०००० | ५४०००० | ८१०००० |
| | जम्मा | ४१४००० | ३६६००० | २९१०००० | ९९०००० | ४२१२००० | ८८६२००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २४ | 497 | २०७९-३-१२ | **स्वीकृती विना भ्रमण**<br>भ्रमण खर्च नियमावली, २०६४ को दफा ३ मा कुनै पनि कर्मचारी वा पदाधिकारीले भ्रमण आदेश वा निर्णय बिना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न वा काजमा जान हुँदैन भन्ने व्यवस्था छ । पालिकाका वडा अध्यक्ष श्री हरिलाल सलामीलाई मिति २०७९।२।१६ देखि २०७९।२।२० सम्म कैलाली भ्रमण गर्दा भ्रमण आदेश स्वीकृती विना नै भ्रमण खर्च भुक्तानी गरिएकोले असुल गर्नुपर्ने रु. | ६,३७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **पाईपको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ ख) बमोजिम निर्माण कार्यको सम्झौता शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा विल भुक्तानी गर्नुपर्दछ सोही नियमावली, २०६४ को नियम ११७ मा कुनै निर्माण कार्य सम्पन्न भएपछि कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । पालिकाले निम्नानुसार निर्माण सामग्री खरिद गरेकोमा सो को प्रयोग कहाँ गरेको हो सो उल्लेख नगरेकोले नापजाँच गरी नापी विल तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | ३,५०७,४०७ |

| क्र.सं. | भौ.नं. मिति | फर्म | विवरण | भुक्तानी |
|---|---|---|---|---|
| १ | ३-२०७८।७।८ | पौडेल जनरल स्टोर | १२०५ मिटर पाईप | ४९६९३९ |
| २ | २०-२०७८।९।१२ | मारुती पाईप्स | ५८५० मिटर पाईप | ५०७९३५ |
| ३ | ९३-२०७८।१२।२५ | डि आर एस ट्रेडर्स | भित्रिखोला सिचाईपाईप | १४९७४१ |
| ४ | १३०-२०७९।१।१६ | मारुती पाईप्स | २० mm- २५४ m<br>३२ mm- २९५५m<br>४६ mm-२१५५m | ५४०६०६ |
| ५ | १८८-२०७९।३।२४ | मारुती पाईप्स | पाईप | ९५७६४९ |
| ६ | १९७-२०७९।३।२४ | न्यु युनिक हार्डवायार | पाईप | ९९९०२ |
| ७ | २०१-२०७९।३।२४ | न्यु देउती जनरल स्टोर | कुनाथरी सिचाई पाईप | ३४७२८९ |
| ८ | ५९७-२०७९।३।२४ | अन्नपूर्णा ट्रेडर्स | धब्बे खानेपानी पाईप | ४०७३४६ |
| | जम्मा | | | ३५०७४०७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **विमा**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैँयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ । निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको विमा गरेर मात्र निर्माण कार्यको थालनी गर्नुपर्दछ । पालिकाले जनजागृती माध्यमिक विद्यालयको भवन निर्माण गर्न निर्माण व्यवसायी दुर्गा निर्माण सेवासँग सम्झौता अनुसार विमा गर्नका लागि प्रोभिजनल सममा रु. २४,०००।– छुट्याएकोमा निर्माण व्यवसायीले हालसम्म पनि विमा गरेको नदेखिएकोले विमा गरी प्रमाण पेश गर्नुपर्ने रु. | २४,००० |
| २७ | 43 | २०७८-१०-२१ | **कार्यसम्पन्न प्रतिवेदन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ ख) बमोजिम निर्माण कार्यको सम्झौता शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा विल भुक्तानी गर्नुपर्दछ । सोही नियमावली, २०६४ को नियम ११७ मा कुनै निर्माण कार्यसम्पन्न भएपछि कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले गिमिने रक्सौली कृषि सडक स्तरोन्नती गर्न कृषि क्षेत्र विकास समन्वय कार्यालय सुर्खेतलाई रु. १९,८५,४११।६१ भुक्तानी गरेकोमा सो बाट के कस्तो काम भएको सोको नापी विल तथा कार्यसम्पन्न प्रतिवेदन नभएकोले नापी विल तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | १,९८५,४११.६१ |
| २८ | | | **कार्य सम्पादन जमानत**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४)मा कार्य सम्पादन जमानतको म्याद मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि हुनुपर्ने व्यवस्था छ । कार्यालयले देहायबमोजिमको निर्माण कार्य गर्न निर्माण व्यवसायीसँग सम्झौता गर्दा मर्मत सम्भार अवधि ३६५ दिन हुने भनि उल्लेख गरेकोमा पेश गरेको कार्यसम्पादन जमानतको अवधि नियमावलीले तोकेको भन्दा कम अविधिको भएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने रु. | ३,६५०,००० |

| क्र.सं. | योजनाको नाम | फर्म | कार्य सम्पादन जमानतको विवरण | अवधि | हुनुपर्ने अवधि | रकम |
|---|---|---|---|---|---|---|
| १ | कल्याण करंगा सडक स्तरोन्नती | जेपि सुवास जे भि | Machchhapuchre Bank MBL २१BRNNGTEE७१८ | ८ July २०२२ | १२ Feb २०२४ | ३६५०००० |
| | जम्मा | | | | | ३६५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **कार्य सम्पन्न**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ३० | | | **खरिद योजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु. १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक रु. १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १७,२७,७६,०००।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३१ | | | **कार्य सम्पन्न प्रतिवेदन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्यसम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ३२ | | | **सार्वजनिक परीक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शीताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **लागत सहभागिता**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ३४ | | | **कार्यक्रम कार्यन्वयन पुस्तीकाको पालना नभएको**<br>नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित मूल्य अनुसार भुक्तानी दिनुपर्ने कानूनी व्यवस्था छ । पालिकाले उक्त पुस्तीकामा उल्लेख भएभन्दा बढी हुने गरी निम्नानुसार रु. ४,५१,७५२।७ बढी निकासा दिएको देखियो । तसर्थ तोकीए भन्दा बढी निकासा भएको रकम असूल गरी सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्ने देखिएको रु. | |
| ३४.१ | | | **छात्रवृत्तीः** | १०७,६०० |

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | हुनुपर्ने निकासा | भएको निकासा | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | अमरज्योती आवि बुटि | १७१ | ६८४०० | ७८८०० | १०४०० |
| २ | बाल भैरब आ वि झआरी | ९० | ३६००० | ४१६०० | ५६०० |
| ३ | बाल नेरा प्रा वि घोडा | २८ | ११२०० | १६००० | ४८०० |
| ४ | भेरी मावि रानिघाट | २१० | ८४००० | ९३२०० | ९२०० |
| ५ | बिजेश्वरी मा वि हरिहरपुर | १४३ | ५७२०० | ५९२०० | २००० |
| ६ | बिश्नु ज्योती मा वि बिुरेनी | ५२ | २०८०० | २५६०० | ४८०० |
| ७ | जनज्योती मा वि बड्डी चौर | ३२९ | १३१६०० | १३६८०० | ५२०० |
| ८ | जनज्योती प्रावि पियापानी | २६ | १०४०० | १२४०० | २००० |
| ९ | लक्ष्मी प्रा वि करेंगा | २६ | १०४०० | १२४०० | २००० |
| १० | मालिका प्रा वि केलाडी | ३६ | १४४०० | २३२०० | ८८०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | मानेश्वर आ वु करियापानी | ९१ | ३६४०० | ४३६०० | ७२०० |
| १२ | नेरा आवि कुम्भिकोट | ८४ | ३३६०० | ३६८०० | ३२०० |
| १३ | नेरा मा वि नयावन | ९२ | ३६८०० | ४५६०० | ८८०० |
| १४ | नेरा प्रावि स्याउले | ३७ | १४८०० | १९२०० | ४४०० |
| १५ | प्रगतिशिल प्रा वि | १४ | ५६०० | ८८०० | ३२०० |
| १६ | सरस्वती आ वि कुनाथारी | ८१ | ३२४०० | ३८००० | ५६०० |
| १७ | सरस्वती आ वि साझघाट | ११९ | ४७६०० | ५२४०० | ४८०० |
| १८ | सरस्वती मा वि चेपांग | ३०८ | १२३२०० | १२५२०० | २००० |
| १९ | सरस्वती प्रा वि रक्सनौनी | १३ | ५२०० | ७२०० | २००० |
| २० | जनजागृती प्रावि भित्रिकुना | १४ | ५६०० | ८००० | २४०० |
| २१ | सुर्यज्योती प्रावी लामाखाली | १७० | ६८००० | ७३२०० | ५२०० |
| २२ | भवानी नेरा प्रावि गुरासे | ४३ | १७२०० | २१२०० | ४००० |
| | जम्मा | | | | १०७६०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४.२ | | | **पाठ्यपुस्तकः** | ३४,१५२.७ |

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | हुनुपर्ने निकासा | भएको निकासा | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | भैरव प्रावि घोडा पानी | २३ | १२४५१.२ | १७०२५.७ | ४५७४.५ |
| २ | जनजागृती प्रावि भित्रीकुना | २२ | १२२९७.६ | १६५८४ | ४२८६.४ |
| ३ | जनज्योती प्रावि ज्यामिरे | २१ | ११३६६.४ | १२६७६.८ | १३१०.४ |
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ४ | बैरव प्रावि काफलगैरा | २४ | १३३५८.४ | १५४२२.४ | २०६४ | | |
| | | | | ५ | विष्णु प्रा वि चेपाङ्ग | २७ | १४९४२.४ | १६९३९.२ | १९९६.८ | | |
| | | | | ६ | जनज्योती प्रावि पियापानी | ३१ | १७३५२ | २०१६० | २८०८ | | |
| | | | | ७ | प्रगतीसिलप्रावि | १७ | ९०८१.६ | १८६२४ | ९५४२.४ | | |
| | | | | ८ | नेरा प्रावि दोक्पा | २७ | १३८८६ | १५४२५.९ | १५३९.९ | | |
| | | | | ९ | सिद्दार्थ प्रावि धमलाखाली | २८ | १४८६०.१ | १५५५४.८ | ६९४.७ | | |
| | | | | १० | नेरा प्रावि सालिना | २२ | ११६१८.१ | १२९५०.७ | १३३२.६ | | |
| | | | | ११ | नेरा प्रावि लाखेगाउ | २५ | १२८६६.३ | १४७२६.५ | १८६०.२ | | |
| | | | | १२ | नेरा प्रावी स्याउले | ४२ | २१८७४.२ | २९१७६.५ | ७३०२.३ | | |
| | | | | १३ | पूर्णदेवी प्रावि गाईनेकाडा | ३८ | २०४६७.३ | २१२५८.३ | ७९१ | | |
| | | | | १४ | लक्ष्मी प्रावि करेंगा | ३१ | १६६३०.१ | २०६०१.९ | ३९७१.८ | | |
| | | | | १५ | नेरा प्रावि सिस्नेरी | ४९ | २५६८६.३ | २७६१९.४ | १९३३.१ | | |
| | | | | १६ | नेरा प्रावी ग्वालेकाडा | ३४ | १७८६१.९ | १८६२७.३ | ७६५.४ | | |
| | | | | १७ | बाल नेरा प्रावि घोडा | ३० | १६१३३.७ | २२३४५ | ६२११.३ | | |
| | | | | १८ | सरस्वती प्रावि रक्सेनी | २७ | १४२३१.३ | १८६६२.५ | ४४३१.२ | | |
| | | | | १९ | बालभैरव आ वि थारी | १०२ | ६६०५१.६ | ७७१९७.५ | १११४५.९ | | |
| | | | | २० | जनता प्रावि हर्रेडाडा | ३१ | १७१२०.३ | १९३३३.७ | २२१३.४ | | |
| | | | | २१ | नेरा आवि तेलपानी | ९१ | ६१०३५.३ | ६६१५०.७ | ५११५.४ | | |
| | | | | २२ | दिप प्रावि थापाडाडा | ४३ | २२४९५.१ | २५४४५.४ | २९५०.३ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २३ | रामजानकी प्रा वि कुता | ४७ | २४८२७.८ | २६३५४.८ | १५२७ | | |
| | | | | २४ | मालिका आवि केलाडी | ४२ | २२७२९.८ | ३४७३७ | १२००७.२ | | |
| | | | | २५ | नेरा आवि कुम्भिकोट | १३५ | ८७४४४.७ | ९८८७८.२ | ११४३३.५ | | |
| | | | | २६ | भवानी नेराप्रावी गुरासे | ५६ | २९६६५.३ | ३६०२२.१ | ६३५६.८ | | |
| | | | | २७ | सरस्वती आवि कुनाथरी | १०४ | ६६६६१.२ | ८१०२८.३ | १४३६७.१ | | |
| | | | | २८ | बराह आ वि | ११७ | ७७७४८ | ७७९९३.२ | २४५.२ | | |
| | | | | २९ | नेरा आवि शश्री चौर | १२४ | ७९४८७.८ | ८४६३४ | ५१४६.२ | | |
| | | | | ३० | सुर्यजोती मा वि लामाखताली | २९० | १८४३९८.६ | १८८७१२.९ | ४३१४.३ | | |
| | | | | ३१ | नेरा मावचि नयाबन | २०८ | १४१०३५.९ | १६२६११.५ | २१५७५.६ | | |
| | | | | ३२ | जनज्योती आ वि तरंगा | १६७ | १०६६८८.२ | ११८०७७.९ | ११३८९.७ | | |
| | | | | ३३ | महेश्वर आवि | १३४ | ८२६१८.८ | १०२५०८.१ | १९८८९.३ | | |
| | | | | ३४ | विस्नु ज्योती आवि बिउरेनी | ८१ | ४२९९२ | ५४१०२.५ | १११११०.५ | | |
| | | | | ३५ | अमरज्योती आवि बुटि | २३० | १५०२७०.४ | १७४८२५.८ | २४५५५.४ | | |
| | | | | ३६ | सरस्वती आ वि साझघाट | १८० | ११४९७४.१ | १३०३०५.३ | १५३३१.२ | | |
| | | | | ३७ | विजेश्वरी मावि हरिहरपुर | ३६२ | २११०४३ | २१३२९५.२ | २२५२.२ | | |
| | | | | ३८ | सरस्वती मावि चेपाङ्ग | ७२५ | ४२६६७९ | ४३९३५०.४ | १२६७१.४ | | |
| | | | | ३९ | भेरी मावि रानिघाट | ४३१ | २६५५०७.५ | ३१२८७३ | ४७३६५.५ | | |
| | | | | ४० | जनज्योती मावि बड्डिचौर | ८९९ | ५२९७१७.५ | ५७३४९१.१ | ४३७७३.६ | | |
| | | | | | जम्मा | | | | ३४४१५२.७ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ३५ | | | **शिक्षा तर्फ** | |
| ३५.१ | | | **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छः | |

| क्र स | विद्यालयको नाम | शिक्षक दरवन्दि/स्थायी | पद पुर्ती | पद्पुर्ती मध्ये राहत | पद्पुर्ती मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १ | श्री विजयाश्वरी मा वि | ९ | १३ | ४ | ० | ४०६ |
| २ | श्री भेरी मा वि | ३ | ८ | ५ | ० | ५४३ |
| ३ | श्री ने रा आधारभूत विद्यालय तेलपानी | ३ | ५ | २ | ० | १११ |
| ४ | श्री ने रा आधारभूत विद्यालय श्रीचौर | २ | ५ | २ | १ | १५५ |
| ५ | श्री भैरव प्रा वि | १ | ३ | १ | १ | ३२ |
| ६ | श्री बसन्त नेपाल राष्ट्रिय प्रा वि | १ | ३ | ० | २ | ३५ |
| ७ | श्री नेपाल राष्ट्रिय प्रा वि | ३ | ३ | ० | ० | ३३ |
| ८ | श्री ने रा प्रा वि सिस्नेरी | २ | २ | ० | ० | ७१ |
| ९ | ने रा प्रा वि मुंग्राह | ० | २ | ० | २ | ६ |
| १० | श्री जनज्योती प्रा वि भित्रीकुना | ० | २ | २ | ० | ४४ |
| ११ | श्रि जनज्योती प्रा वि ज्यामिरे | ० | १ | १ | ० | २२ |
| १२ | श्री भैरव प्रा वि काफलगैरा | ० | ० | ० | ० | २८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १३ | श्री जनज्योती मा वि बड्डीचौर | १० | १८ | ८ | ० | १०७६ | | |
| | | | | १४ | सरस्वती मा वि चेपाङ | ६ | १२ | ५ | १ | ७२७ | | |
| | | | | १५ | श्री ने रा प्रा वि ग्वालेकाँडा | ३ | ३ | ० | ० | ३६ | | |
| | | | | १६ | सरस्वती आ वि कुनाथरी | २ | ४ | १ | १ | १५५ | | |
| | | | | १७ | श्री ने रा आ वि खुम्भीकोट | ३ | ५ | १ | १ | १८६ | | |
| | | | | १८ | श्री जनजागृती मा वि दमर | १ | ६ | ५ | ० | ११३ | | |
| | | | | १९ | श्री कालीका प्रा वि चुलीडाँडा | १ | २ | ० | १ | ४३ | | |
| | | | | २० | श्री मानेश्वर आ वि करियापानि | ० | २ | २ | ० | १६६ | | |
| | | | | २१ | श्री भानू प्रा वि चेपाङ | ० | १ | १ | ० | ५२ | | |
| | | | | २२ | श्री सरस्वती प्रा वि रक्सेनी | ० | ३ | २ | १ | ५३ | | |
| | | | | २३ | श्री सिद्धार्थ प्रा वि धमलाखली | ० | २ | २ | ० | ४० | | |
| | | | | २४ | श्री सरस्वती मा वि सिरुपाटा | ११ | १६ | ४ | १ | ४८३ | | |
| | | | | २५ | श्री ने रा आ वि धानीगडाड | ३ | ४ | ० | १ | ११७ | | |
| | | | | २६ | श्री बाल भैरव आ वि थरी | २ | ६ | ३ | १ | १३० | | |
| | | | | २७ | श्री बाल ने रा प्रा वि घोडा आँखे | ० | ३ | ० | ३ | ४९ | | |
| | | | | २८ | ने रा प्रा वि लेखगाउँ | २ | ३ | ० | १ | ४१ | | |
| | | | | २९ | नेपाल राष्ट्रिय प्रा वि हल्देखर्क | २ | ३ | १ | ० | १०६ | | |
| | | | | ३० | श्री निरा आ वि पोखरीचौर | २ | ३ | १ | ० | ९० | | |
| | | | | ३१ | सरस्वती प्रा वि लिस्ने | ० | ३ | ३ | ० | ६३ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३२ | श्री दिप आ वि थापाडाँडा | ० | २ | २ | ० | ४७ | | |
| | | | | ३३ | जनज्योती आ वि ओदालताल | ० | २ | २ | ० | ९४ | | |
| | | | | ३४ | सूर्य ज्योती मा वि लामाखाली | ६ | ८ | २ | ० | ३१४ | | |
| | | | | ३५ | नेपाल राष्ट्रिय मा वि नयाँवन | २ | ५ | २ | १ | २८३ | | |
| | | | | ३६ | नेपाल राष्ट्रिय प्रा वि स्याउले | ३ | ३ | ० | ० | ५५ | | |
| | | | | ३७ | यज्ञाज्योती आ वि लामकाने | १ | ४ | २ | १ | ११४ | | |
| | | | | ३८ | अमरज्योति आ वि बुटी | १ | ३ | ० | २ | २९३ | | |
| | | | | ३९ | जनता ज्योती प्रा वि पैयापानी | ० | २ | १ | १ | ३६ | | |
| | | | | ४० | श्री बौद्ध नेरा प्रा वि गाहाखाल | ० | २ | २ | ० | ७९ | | |
| | | | | ४१ | विष्णु ज्योती प्रा वि बिउरानी | ० | २ | २ | ० | १२३ | | |
| | | | | ४२ | जन जागरण प्रा वि बसन्तपुर | ० | २ | १ | १ | ९८ | | |
| | | | | ४३ | लक्ष्मी प्रा वि करेंगा | २ | २ | ० | ० | ५६ | | |
| | | | | ४४ | भेरी मा वि तरंगा | ७ | १४ | ५ | २ | ५२६ | | |
| | | | | ४५ | भैरवी आ वि सुकुरमाला | १ | ३ | ० | २ | १८१ | | |
| | | | | ४६ | भैरवी आ वि सिम्लेपानी | ३ | ४ | १ | ० | २०८ | | |
| | | | | ४७ | रामजानकी प्रा वि कुता | १ | २ | १ | ० | ७० | | |
| | | | | ४८ | सरस्वती आ वि विद्यालय साईघाट | २ | ३ | ० | १ | २२८ | | |
| | | | | ४९ | नेपाल राष्ट्रिय प्रा वि लेखगाउँ | २ | ३ | ० | १ | २८ | | |
| | | | | ५० | जनता प्रा वि हरेकाँडा | | २ | ० | २ | ३६ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ५१ | भवानी नेपाल राष्ट्रिय प्रा वि गुराँसे | | २ | ० | २ | ७८ | | |
| | | | | ५२ | पूर्णदेवी प्रा वि गैनिकाँडा | १ | २ | ० | १ | ६० | | |
| | | | | ५३ | जनज्योती आ वि माथिल्लो तरंगा | | २ | २ | ० | २१८ | | |
| | | | | ५४ | बराह आ वि तरंगा | | २ | २ | ० | १२९ | | |
| | | | | ५५ | मालिका प्रा वि केलाडि | | १ | ० | १ | ६५ | | |
| | | | | ५६ | प्रगतिशील प्रा वि | ० | ० | ० | ० | ३४ | | |
| | | | | | जम्मा | १०४ | २२३ | ८३ | ३६ | ८६६५ | | |
| | | | अतः शिक्षा ऐन नियमले व्यवस्था गरे अनुसार विद्यार्थी शिक्षक अनुपात मिलाई दरवन्दी मिलान गरी रिक्त दरबन्दी पदपूर्ति गर्नुपर्दछ । | | | | | | | | | |
| ३५.२ | 261 | २०७९-३-१५ | **जनज्योती माविं ईलेक्ट्रोनिक्स वर्कः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा कुनै निर्माण कार्य सम्पन्न भएपछि कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । पालिकाले जनज्योती माध्यमिक विद्यालयमा सिसि क्यामरा १६ थान, ५५ ईन्च स्मार्ट टिभि १ थान, प्रोजेक्टर १ थान लगायत अन्य कार्य गरेको भनि कार्य सम्पन्न प्ररतिवेदन तयार गरी रु. ८,४६,२९७।– भुक्तानी गरेकोमा स्थलगत निरिक्षण गर्दा कुनै पनि प्रयोगमा आएको नदेखिएकोले कार्य नसकि कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने प्राविधिकलाई जिम्मेवार बनाई सो सामान प्रयोगमा ल्याएको प्रमाण पेश गर्नु पर्ने रु. | | | | | | | | | ८४६,२९७ |
| ३५.३ | 262 | २०७९-३-२५ | **पढ्दै कमाउदै कार्यक्रम** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा कुनै निर्माण कार्य सम्पन्न भएपछि कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । पालिकाले पढ्दै कमाउदै कार्यक्रमको लागि जनज्योती माध्यमिक विद्यालयलाई कार्यसम्पन्न प्रतिवेदन विना रु. १०,००,०००।– भुक्तानी गरेको देखिएकोले सो को कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु. | | | | | | | | | १,०००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५.४ | | | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**: शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको ०७८।७९ को कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं ११.१.२.४४५ को ८।२ मा भवन निर्माण अनुदान दिँदा क्रमश ३०, ५० र २० प्रतिशत निकासा दिनुपर्ने र अषाढ १५ भित्र निर्माण कार्य सम्पन्न गरि कार्य सम्पन्न प्रतिबेदन प्रमाणित गरिसक्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले कोभिड १९ लगायत विविध कारण समयमा निर्माण कार्य सम्पन्न नगर्ने विद्यालयहरुलाई कार्य प्रगती अनुसार फुकुवा हुने गरी तोकिएको रकम सम्बन्धित विद्यालयको खातामा पठाउने मा मन्त्रीस्तरिय निर्णय भएको जनाई च.नं. २२५ मिति २०७९।०३।१७ मा परिपत्र गरेको आधारमा विद्यालयहरुलाई निकासा दिएको छ । उक्त निर्माण कार्यको प्राविधिकबाट कार्य सम्पन्न प्रतिबेदन तयार गरी भुक्तानी गरेको पाईयो । यसरी निर्माणाधीन भवनको कार्य सम्पन्न प्रतिवेदन जारी गर्ने प्राविधिकलाई जिम्मेवार बनाईनु पर्दछ । निर्माण सम्पन्न पश्चातको नाप अनुसार तयार भएको कार्य सम्पन्न प्रतिबेदन, निर्माण सम्पन्न माईन्यूट, फोटो लगायत निर्माण कार्य पुरा भएको प्रमाण पेश गर्नु पर्ने रु. | १०,८००,००० |

| क्र.सं. | विद्यालयको नाम | योजना | भुक्तानी |
|---|---|---|---|
| १ | सुर्यज्योती मा वि लामाखाली | ४ कोठे भवन | ३६०००० |
| २ | सरस्वती मा वि चेपाङ्ग | २ कोठे भवन | १८००००० |
| ३ | सरस्वती मा वि सिरुपाटा | ४ कोठे भवन | ३६००००० |
| ४ | भेरी मा वि तरंगा | २ कोठे भवन | १८००००० |
| | जम्मा | | १०८०००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५.५ | | | **ईन्टरनेट जडान:** कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं् २.७.१३.१० विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तरगत विद्यालय ईन्टरनेट व्यवस्थापन खर्च वापत प्रति विद्यालय रु.१२,०००।- का दरले ३९ विद्यालयलाई रु.६,४८,०००।- भुक्तानी गरेकोमा ईन्टरनेट जडान तथा संचालन गरेको प्रमाण पेश नगरेकोले ईन्टरनेट जडान भएको विद्यालयको हकमा सो को प्रमाण तथा जडान नभएको विद्यालयको हकमा सो रकम फिर्ता गरेको प्रमाण पेश गर्नु पर्ने रु. | ६४८,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **औषधी खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. २४ लाख २९ हजार  को औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>:<br>• खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।<br>• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।<br>• आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।<br>• औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३७ | | | **विपद् व्यवस्थापन**<br><br>• समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।<br>• कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७९ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।<br>• विपद् व्यवस्थापन कोष – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाले यस बर्ष विपद व्यवस्थापन कोषमा रकम १० लाख आम्दानी बाँधेकोमा आम्दानी जम्मा तथा खर्च गर्ने सम्बन्धमा ऐन नियम कार्यविधि एंव मापदण्ड तयार गरेको पाइएन । मापदण्ड बनाएर मात्र कोष संचालन गर्नुपर्दछ।<br>• वार्षिक प्रतिवेदन – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ३८ | | | **कृषि तथा पशु** | |
| ३८.१ | | | **आलुको बिउ**: स्वीकृत कार्यक्रमहरु कार्यान्वयन गर्दा तोकिएको शर्त र कार्यविधि अनुसार गरीनु पर्दछ । पालिका वडा नं. ६ ले ५० प्रतिशत अनुदानमा आलुको विउ वितरण गर्न प्रवेशिक कृषि सहकारी संस्थाबाट रु. ३ लाखको आलुको विउ खरिद गर्दा रु.१,५०,०००।- मात्र भुक्तानी गरी बार्कि किसानले भुक्तानी गर्नु पर्नेमा सबै रकम पालिकाले भुक्तानी गरेको देखिएकोले ५० प्रतिशत रकम सम्बन्धित किसानबाट असुल गर्नुपर्ने रु. | १५०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८.२ | | | **अनुदानको अनुगमन**– सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३८.३ | 84 | २०७८-१२-८ | **तरकारी बिउ खरिद:** कार्यालयले वस्तु तथा सेवा खरिद गर्दा सम्झौतामा उल्लेख भए बमोजिमको सामानको परिमाण र मुल्य यकिन गरेर मात्र भुक्तानी गर्नु पर्दछ । पालिकाले अनुपम भेट सेन्टरबाट निम्नानुसारको तरकारीको विउ खरिद गर्दा पेश गरेको दरभाउ भन्दा बढी भुक्तानी गरेको देखिएकोले असुल गर्नुपर्ने रु. | ३,००० |
| ३८.४ | 520 | २०७९-३-१७ | प्रचलित ऐन कानून तथा परिपत्र अनुसार रेविज भ्याक्सीन खरिद खर्च शिर्षकबाट श्री रेशम कुमार गरंजालाई भुक्तानी रु ८९,२५०।- लेखिएकोमा सम्बन्धित संगम एग्रोभेट सेन्टरको नाममा भुक्तानी हुनुपर्ने देखिएकोले नियमित गर्नुपर्ने रु | ८९,२५० |

| क्र.सं. | विवरण | परिमाण | पेश गरेको दर | भुक्तानी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | घिरौला | १५० | १८० | १९० | १५०० |
| २ | काक्रा | १५० | ३९० | ४०० | १५०० |
| | जम्मा | | | | ३००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८.५</td><td></td><td></td><td>

**अनुगमन प्रतिवेदनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाई तथा प्रमाण र कागजात संलग्न हुनुपर्दछ । निम्न उल्लिखित सामाग्रीहरु खरिद गरी वितरण गरेकोमा वितरण गर्दा प्रस्ताव माग, लागत अनुमान, सूचना प्रकाशन तथा छनौटको आधार तयार नभएको देखिन्छ । साथै यस्तो खर्च लेख्दा निरीक्षण अनुगमन प्रतिवेदन लिने गरेको नपाइएकोले सो सामाग्रीको सदुपयोग भएको सुनिश्चित हुने निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ ।

<table>
<tr><th>भौ नं / मिति</th><th>कार्यक्रम</th><th>विवरण</th><th>परिमाण</th><th>भुक्तानी रु</th><th>कैफियत</th></tr>
<tr><td>५४८।२०७९।३।२०</td><td>अध्यक्ष सँग आय आर्जन कार्यक्रम</td><td>मिनिटिलर खरिद</td><td>१</td><td>४२०००</td><td>रोशनी सुनारलाई वितरण गरेको</td></tr>
<tr><td>१५३।२०७८।९।२२</td><td>अध्यक्ष सँग आय आर्जन कार्यक्रम</td><td>मिनिटिलर खरिद</td><td>४</td><td>३३००००</td><td>विभिन्न फर्म तथा समूहलाई वितरण</td></tr>
<tr><td>२०।२०७८।६।२४</td><td>अध्यक्ष सँग आय आर्जन कार्यक्रम</td><td>मिनिटिलर खरिद</td><td>२</td><td>१७८५००</td><td>विभिन्न फर्म तथा समूहलाई वितरण</td></tr>
<tr><td rowspan="2">८४।२०७८।८।१५</td><td rowspan="2">अध्यक्ष सँग आय आर्जन कार्यक्रम</td><td>मिनिटिलर खरिद</td><td>५</td><td>२९०५००</td><td rowspan="2">विभिन्न फर्म तथा समूहलाई वितरण</td></tr>
<tr><td>स्प्रेयर</td><td>४</td><td>१८२००</td></tr>
<tr><td>७२।२०७८।८।५</td><td>अध्यक्ष सँग आय आर्जन कार्यक्रम</td><td>मिनिटिलर खरिद</td><td>५</td><td>३११५००</td><td>विभिन्न फर्म तथा समूहलाई वितरण</td></tr>
<tr><td></td><td>जम्मा रु</td><td></td><td></td><td>११७०७००</td><td></td></tr>
</table>

</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>

**सामाजिक सुरक्षातर्फ**

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९.१</td><td></td><td></td><td> विवरण पेश तथा समिक्षाः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ बमोजिम स्थानिय तहले भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण नगर सभामा पेश गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा र खर्चको समिक्षा गर्नुपर्नेमा पालिकाले सो गरेको देखिएन । सार्वजनिक सुनुवाईः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नुपर्दछ । पारदर्शिताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने र रकम भुक्तानी गरेको तथा बुझि लिने व्यक्तीको नामावली स्थानीय तहका अतिरिक्त सम्बन्धित वडा कार्यलयमा समेत सार्वजनिक गर्ने व्यवस्था छ । स्थानीय तहले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण वेभसाइटमा सार्वजनिक गरेको छैन । </td><td></td></tr>
<tr><td>३९.२</td><td></td><td></td><td> सामाजिक सुरक्षातर्फ बढी निकासाः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले एम आई एसमा समयमै लगत कट्टा नगरी वडाहरुलाई रकम निकासा दिँदा एम आई एसमा भएको संख्या भन्दा बढी संख्यालाई वितरण गरेको भरपाई देखिएकोले उक्त बढी रकम निम्न वडाहरुबाट रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>वडा</th><th>भत्ताको किसिम</th><th>एम आई एस को संख्या</th><th>भरपाईको संख्या</th><th>बढी वितरित रकम</th></tr>
<tr><td>१</td><td>ज्येष्ठ नागरिक</td><td>६२</td><td>६५</td><td>३६०००</td></tr>
<tr><td>२</td><td>ज्येष्ठ नागरिक</td><td>१११</td><td>११६</td><td>६००००</td></tr>
<tr><td></td><td>जम्मा रु</td><td></td><td></td><td>९६०००</td></tr>
</table></td><td>९६,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९.३ | | | **बैंक फिर्ताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० र ४५ बमोजिम फ्रिज तथा फिर्ता नहुने भनी तोकेको बजेट उपशीर्षक बाहेकको बाँकी बजेट निकासा रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा भत्ता रकम लाभग्राहीको खातामा जम्मा गर्ने प्रयोजनको लागि कार्यालयले नविल बैंकलाई निकासा दिएकोमा लेखापरीक्षणको क्रममा बैंकले मृत्यु भएका तथा दोहोरो नाम पर्न गएका व्यक्तिहरुको रु. १,५१,५१३।- फिर्ता गरी पालिकाको खातामा जम्मा गरेको देखिन्छ । बैंकले फिर्ता गरेको उक्त रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | १५१,५१३ |
| ४० | | | **छोरी सुरक्षा कार्यक्रमः**<br>बैंक खाता छोरीको सुरक्षा जीवन भरिको कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को दफा ४ मा वि. सं। २०७६ श्रावण १ गते वा सो भन्दा पछि जन्मिएका कर्णाली प्रदेश भित्रका छोरीलाई प्रदेश सरकारले निज छोरी २० वर्षको हुँदा सम्म जन्मेको पहिलो महिनाको रु १,०००।- र त्यसपछि मासिक रु ५०० का दरले बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ । त्यसै गरी कार्यक्रममा सहभागी छोरीले माध्यमिक तहसम्मको अध्ययन पूरा नगरेमा वा अध्ययन विचैमा छोडेमा, २० वर्ष नपुग्दै विवाह गरेमा सो रकम उपलब्ध नगराउने समेत उल्लेख भएबाट पालिकाले रकम बैंकखातामा जम्मा गर्नु अघि ती छोरीहरुको स्थिति, अवस्थाका बारेमा स्पष्ट हुनु जरुरी छ । प्रति छोरीको २० वर्षसम्म अभिलेख अद्यावधिक गर्नुपर्ने र प्रत्येक वर्ष जन्मेका थप छोरीको समेत अभिलेख अद्यावधिक गर्दै जानुपर्ने, अनुगमन संयन्त्र बनाउनु पर्नेमा पालिकामा ३३४ जना छोरीको दर्ता किताब मात्र तयार गरी बैंकमा रु. १३ लाख १६ हजार रकम पठाएको हुँदा वर्षहरुमा थप हुँदै जानेको संख्या समेत अभिलेख तयार गर्ने तर्फ ध्यानाकर्षण हुनुजरुरी देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७८ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक तथा बेरोजगारको सूचिमा समावेशलाई प्राथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४५२ जनालाई रोजगारी उपलव्ध गराई रु. २ करोड ५७ लाख ९१ हजार ७ सय ५८ रुपैयाँ खर्च गरेको छ । लक्षित वर्गलाई औषतमा ११५ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |

| वडा नं | कार्यक्रम/योजना संचालन | रोजगार संख्या | कुल खर्च रकम | तलबमा खर्च भएको रकम |
|---|---|---|---|---|
| १-१० | २६ | ४५२ | २५७९१७५८ | ७८०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | 22 | २०७९-३-२४ | **बहाल कर**<br>आयकर ऐन, २०५८ को दफा ८८ (२) मा तोकिए बमोजिम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । औषधी तथा अन्य सामाग्री ढुवानी गर्दा नियमानुसार ढुवानी खर्च रु ३२,०००।– को १० प्रतिशतका दरले हुन आउने बहालकर पार्वती कोइराला बाट असुल गर्नुपर्ने रु. | ३,२०० |
| ४३ | | | **आन्तरिक आय तथा राजस्व** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३.१ | | | **राजश्व दाखिला :**आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ६ वटा वडा पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैंक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैंकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ४३.२ | | | **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकाले अद्यावधिक गरी रकम यकिन गरेको छैन । अघिल्लो आर्थिक वर्षको बाँकी रसिदको अवस्था यकिन छैन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यस सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गरी आम्दानी भएको राजस्व यकिन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । | |
| ४३.३ | | | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २४ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. ५६ लाख ५८ हजार ६९ अर्थात अनुमानको २३६ प्रतिशत आय प्राप्त गरेको छ । साथै अनुमान गर्दा तोकिएको आधार र विश्लेषण गरी यथार्थ हुने गरी गर्नुपर्दछ । आम्दानीका अन्य स्रोतको पहिचान गरी दीर्घकालीन एवं प्रभावकारी आय आर्जन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३.४ | | | **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रिय अनुदानबाट खर्च: ४७१४३३१६१; आन्तरिक आय: ५६५८०६९; आन्तरिक आय प्रतिशत: १.२<br><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.२प्रतिशत मात्र रहेको छ । पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४७१४३३१६१ | ५६५८०६९ | १.२ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३.५ | | | **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असूली | असूली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर तथा मालपोत कर | ६००००० | ३०८०१२ | ५१ |
| रजिष्ट्रशन दस्तुर | ३००००० | १३१७६४ | ४४ |
| घर वहाल कर | ६०००० | ६१९१६० | १०३२ |
| वहाल विटौरी कर | ५०००० | ८२२३६ | १६४ |
| अन्य विक्री शुल्क | १००००० | २५२३० | २५ |
| परीक्षा शुल्क | ४०००० | ५७०० | १४ |
| सिफारिस दस्तुर | ५००००० | ८४०१८४ | १६८ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ३५०००० | २४६४० | ७ |
| व्यवसाय कर | २५०००० | ३६११९९३ | १४४५ |
| अन्य दस्तुर | १५०००० | ९१५० | ६ |
| जम्मा रु | २४००००० | ५६५८०६९ | २३६ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **कन्टीन्जेन्सी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आर्थिक वर्ष २०७८/७९ मा कन्टीन्जेन्सी वापत के कति आम्दानी र खर्च भएको सोको विवरण कार्यालयले उपलब्ध नगराएकोले यकिन हुन सकेन । साथै यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ४५ | | | **अन्य संस्था खर्च:**<br>सरकारी श्रोत तथा सम्पत्तिको प्रयोग गर्दा अधिकार प्राप्त अधिकारीले आफुलाई वा कुनै खास व्यक्ति वा वर्गलाई फाईदा हुने गरी सरकारी धन खर्च गर्न वा सरकारी मालसामान दिने गरी निकासा दिन नहुने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसारको आफ्नो जिम्मेवारी तथा मातहत तथा प्रयोगमा नरहने तथा सार्वजनिक प्रयोग गर्न नसकिने संरचना निर्माण गर्न विभिन्न संघसंस्था लाई अनुदान वापत दिएको रु. ८,०२,०४१।- नियम सम्मत नभएको रु.<br><br>क्र.सं. \| संस्थाको नाम \| भुक्तानी<br>१ \| घोडा आखे वचत तथा ऋण सहकारी भवन निर्माण \| ५६४१७२<br>२ \| महिला सशक्तिकरण तथा पशुपालन सहकारी फर्निचर खरिद \| २३७८६९<br> \| जम्मा \| ८०२०४१ | ८०२,०४१ |
| ४६ | | | **कर विजक** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६.१</td><td></td><td></td><td>नन फाईलर: मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(१) मा करदाताले प्रत्येक कर अबधिको कर सो अबधी समाप्त भएको मितिले २५ दिन भित्र बुझाउनु पर्ने उल्लेख छ। कार्यालयले निम्नानुसार फर्मलाई भुक्तानी गरकोमा सो फर्महरु नन फाईलर रहेको देखिँदा मुल्य अभिवृद्धि कर रकम रु. ३,२७,१८४।- सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.<br>
<table>
<tr><th>क्र.सं.</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>विजक मिति</th><th>विजक नं.</th><th>विजक रकम</th><th>समायोजन गर्नु पर्ने मुअकर कर रकम</th><th>ननफाइलर रहेको मिति</th></tr>
<tr><td>१</td><td>आहान निर्माण सेवा</td><td>६१३६६८७९८</td><td>२०७९।२।१९</td><td>५</td><td>८४९२१८</td><td>११०३९९</td><td>२०७८।१</td></tr>
<tr><td>२</td><td>जेपि सुवास जे भि</td><td>३०५४८२१६७</td><td>२०७९।३।१२</td><td>७</td><td>१६६३६२७</td><td>२१६७८५</td><td>२०७८।३</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>३२७१८४</td><td></td></tr>
</table></td><td>३२७,१८४</td></tr>
<tr><td>४६.२</td><td></td><td></td><td>बेरितको कर विजक मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्यअभिवृद्धि कर मा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा अनुसुची ५(क) वमोजिमको ढांचामा करविजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ कार्यालयले ग्रामिण विकास सेवा केन्द्र (३०१७३७४६३) लाई भुक्तानी गरेकोमा जारी गरेको विजकमा विजक नं उल्लेख नभएकोले मुल्य अभिवृद्धि कर रकम रु. ८,२५२।- सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>८,२५२</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण बाट कायम बरुजु</td><td></td></tr>
<tr><td>४७.१</td><td>12</td><td>२०७८-६-२४</td><td>भ्रमण खर्च नियमावली, २०६४ को दफा १८ को उपदफा १ अनुसार भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरी प्रमाण प्रतिवेदनसाथ आवश्यक बिल भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ भनि उल्लेख गरिएको छ । वडा सचिब मनिराम सारूको भ्रमण बिल पेश नगरिकन भ्रमण भत्ता वापतको रकम भुक्तानी दिएको छ । विल वेगर खर्च लेख्नेलाई जिम्मेवार बनाई उक्त रकम असूल गर्नुपर्ने रु.</td><td>२,७००</td></tr>
<tr><td>४७.२</td><td>३६७</td><td>२०७९-१-९</td><td>कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ मा विभिन्न विशिष्ठ ब्यक्तिहरुलाई यस्ता समारोहमा आमन्त्रण गरिएको अवस्थामा यस्ता सबै ब्यक्तिहरुको खाजा, खाजा खर्च वापत बढिमा एकमुष्ठ रु. २,०००।- सम्म खर्च गर्न सकिनेछ । तर विशिष्ठ ब्यक्तिहरुको उपस्थिति भएको प्रमाणित हुनुपर्नेछ भनी उल्लेख गरिएको छ । कामको प्रयोजन, उपस्थिति र ब्यक्तिहरुको पहिचान नगरी अतिथि सत्कार भनी खाजा खुवाईएको देखिएकोमा कुन उद्धेश्यको आधारमा खाजा खुवाईएको हो र कति जनालाई हो भनि प्रष्ट उल्लेख नभएकोले सो रकम असूल गर्नुपर्ने रु.</td><td>५,७३०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७.३</td><td></td><td>२०७९-१-७</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९ (५) मा भुक्तानी दिँदा बिल भरपाई संलग्न रहे नरहेको जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले अधिकृत स्तर छैठौ कृष्ण प्रसाद शर्मालाई कार्यक्रम संचालनका लागि पेश्की वापत रकम भुक्तानी गरिएकोमा पेश्की फर्स्यौट गर्दा गाउँपालिका अध्यक्ष तेज बहादुर बस्नेतको तालिम कार्यक्रममा उपस्थित नगराईकनै दैनिक भत्ता उपलब्ध गराईएकोमा सम्वन्धित व्यक्तिबाट असुल गर्नुपर्ने रु.</td><td>४,५००</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br>रकम रु हजारमा
<table>
<tr><th>गत वर्ष सम्मको बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th></tr>
<tr><td>१२६००४</td><td>०</td><td>१२६००४</td></tr>
</table></td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>अद्यावधिक वेरुजु<br>यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छः<br><br>रु. हजारमा
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>१२६००४</td><td>०</td><td>३३२५७</td><td>०</td><td>१५९२६१</td></tr>
</table></td><td></td></tr>
</table>